# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIV MARCH 2024 No. 03


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।

### परमप्रभुको प्रशंसा

भजनसंग्रह ३१:१७-२४

१७. मैले शर्माउनु नपरोस्, हे परमप्रभु, किनकि मैले तपाईंमा पुकार गरेको छु । तर दुष्टहरू शर्ममा परून् र पातालमा जाऊन् र त्यहीँ चूपचाप रहून ।
१८. तिनीहरूका झुटा ओठहरू बन्द भइजाऊन् किनकि तिनीहरू धर्मी जनका विरुद्धमा तिरस्कार र अहङ्कारसाथ बोल्छन् ।
१९. तपाईंको भलाइ कति महान् छ, जो तपाईंको भय मान्नेहरूका निम्ति तपाईंले राख्नुभएको छ, जो तपाईंमा शरण पर्नेहरूलाई तपाईंले मानिसहरूका सामुन्ने दिनुभएको छ ।
२०. तपाईंको उपस्थितिको सुरक्षित ठाउँमा तिनीहरूलाई मानिसका षड्यन्त्रबाट तपाईंले लुकाउनुहुन्छ । तपाईंले तिनीहरूलाई दोष लगाउने जिब्राहरूबाट आफ्नो बासस्थानमा सुरक्षित राख्नुहुन्छ ।
२१. परमप्रभुको स्तुति होस् किनकि म शत्रुहरूको घेरामा परेको सहरभित्र हुँदा उहाँले आफ्नो उदेकको कृपा ममाथि देखाउनुभयो ।
२२. आत्तिएको बेलामा मैले भनें, तपाईंको दृष्टिबाट म टाढा भएको छु । तर तपाईंलाई गुहारको निम्ति पुकार गर्दा तपाईंले कृपाको निम्ति मेरो पुकार सुनिदिनुभयो ।
२३. हे उहाँका सबै पवित्र जन हो, परमप्रभुलाई प्रेम गर ! विश्वास गर्नेहरूलाई परमप्रभुले रक्षा गर्नुहुन्छ तर अहङ्कारीहरूलाई चाहिँ उहाँले पूरा दण्ड दिनुहुन्छ ।
२४. हे परमप्रभुमा आशा राख्ने सबै जना हो, शक्तिशाली होओ अनि ढाडस गर ।

# अनिश्चित समयसँगै परमेश्वरको निश्चयता !

UNCERTAIN TIMES WITH THE CERTAINTY OF GOD!

**सम्मानीय प्रधानसम्पादक, रेभ एन्जलीन सेल्भाकुमारी**



तपाईं आश्चर्य कामहरू गर्ने परमेश्वर हुनुहुन्छ, तपाईं आफ्नो सामर्थ्य मानिसहरूका बीचमा प्रकट गर्नुहुन्छ (भजनसंग्रह ७७:१४)।

येशू ख्रीष्टको नाउँमा अभिवादन !

फेरि पनि, यो लेखबाट तपाईंसँग सम्पर्क गर्न पाउनु अत्यन्तै आनन्दको कुरा हो । हामीले यो वर्ष २०२४ को २ महिना पूरा गरिसकेका छौं। समय अत्यन्तै छिटो उडिरहेको देखिन्छ! भजनसंग्रह ७७ ले घोषणा गर्दछ कि हामीले विश्वास गर्ने परमेश्वर आश्चर्य कामहरू गर्ने परमेश्वर हुनुहुन्छ र आफ्ना मानिसहरूका बीचमा आफ्नो सामर्थ्य देखाउन उहाँ आनन्द गर्नुहुन्छ। असम्भव काम गर्न उहाँ व्यग्र भएर पर्खनुहुन्छ र यो यात्राभरि उहाँमा हाम्रो अटल भरोसामा आनन्द गर्नुहुन्छ ।

हाम्रो जीवनको यात्रा अनपेक्षित असंख्य उतारचढावले भरिएको छ, जस्तैः गति कम गर्ने स्थानहरू, नदेखिने स्थानहरू, घुमाउरो बाटोहरू, अचानक आउने खाल्डोहरू र अन्य धेरै, जसले उच्च रूपमा अनिश्चित बनाउँछ। निरन्तर परिवर्तनले भरिएका यस्ता थाहा नभएका सडकहरूबाट जाँदा महत्वपूर्ण चुनौति सामना गर्नुपर्नेहुन्छ ।

*बाँकी पृष्ठ ३ मा*


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिनः बिहान २ बजे देखि

तामिल आइतवार सेवाः बिहान ८:३० बजे

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष

# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS





**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


HON. EDITOR-IN-CHIEF

Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.

MANAGING EDITOR

Pastor Alex Samson Sam, B.Th., M.Div.

GENERAL MANAGER

Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.

ADMINISTRATION

Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)

EDITORIAL BOARD

Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Sis. L. Mariya Anjalin, M.A., M.Sc., B.Ed.
Rev. Dr. K.R. Rajasekaran



EDITOR, PUBLISHER & PRINTER

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858
95661 31858

E.MAIL

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

WEBSITES

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

YOUTUBE CHANNEL

Echo of His Call


"परमप्रभु परमेश्वर, इस्राएलका परमेश्वरको प्रशंसा होस्, उहाँले मात्र उदेकका काम गर्नुहुन्छ" (भजनसंग्रह ७२:१८) ।

प्रभुमा प्रिय,

हाम्रो प्रभु येशू ख्रीष्टको अमूल्य नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं ।

विगत केही महिनामा परमप्रभुले हाम्रो सेवकाइहरूलाई अचम्मको तरिकामा अगुवाइ गर्नुभएको छ । हाम्रो यूट्यूब च्यानल र हाम्रो मासिक पत्रिका **बोलावटको प्रतिध्वनिद्वारा** फैलाएको परमप्रभुको प्रेमिलो सन्देशहरूबाट



*Watch Night New Year Service*

टाढा भएका धेरै मानिसहरूले परमप्रभुलाई भेटेका छन् । ३१ डिसेम्वर २०२३ मा भएको वाच नाइट नयाँ वर्षको सेवालाई अत्यन्तै आशिषित तरिकामा आशिष् दिनुभएको थियो ।



*Pr P. Arokiadas with Senior Pastor*

**नहेम्याह बाइबल कलेजमा** अध्ययन गर्नुभएका पास्टर पी. अरोकियादास अब भालासाराभाक्काममा हुनुहुन्छ । उहाँ हाम्रो मुख्य प्रशासनिक कार्यालयमा आउनुभयो र आफ्नो शक्तिशाली गवाही बाँड्नुभएको थियो । उहाँले त्यहाँ नयाँ सेवकाइ सुरु गर्नुभएको छ ।

छत्तीसगढ प्रान्तबाट आउनुभएका भाइ सुरेश तिर्गे र उहाँको छोरा अभिनाश तिर्गे आफ्ना आफन्तहरूका साथमा हाम्रो मुख्य मण्डलीमा आउनुभएको थियो । हाम्रो प्रभु येशू ख्रीष्टको नाउँलाई उहाँले महिमित पार्नुभयो



*Bro. Suresh Tirge and his son Avinash Tirge with Senior Pastor*

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

किनकि हिन्दी भाषामा भएको हाम्रो **बोलावटको प्रतिध्वनि** पढेर आशिषित पार्नुभएको थियो । प्रभुका हाम्रो अग्रपङ्क्तिका सहकर्मीहरूका निम्ति प्रार्थना गरिदिनुहोस् किनकि उहाँहरूले हाम्रो मुख्य मण्डलीमा भएका विभिन्न क्रियाकलापहरूमा सेवा गर्नुहुन्छ ।



*One day retreat held at Mahabalipuram*

२६.०१.२०२४ मा हाम्रो **नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरू र मुख्य मण्डलीका युवाहरूसमेत गरी ६० जना मानिसहरूका निम्ति महाबलिपूरममा आयोजना गरिएको एकदिने रिट्रिटमा प्रभुले आशिष् दिनुभयो ।

हाम्रो हिन्दी **नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरूका निम्ति र हालका दिनमा उत्तर भारत सेवकाइमा आफैंलाई समर्पित गर्नुभएका प्रिय भाइ वकिल धर्माराज, पास्टर फ्रयाँकलीन र पास्टर देभादाससँग उत्तर भारतका आप्रवासी मजदुरहरूलाई सुसमाचारमा ल्याउनको निम्ति दीर्घकालीन योजना विकास गर्न प्रभुले हामीलाई सहायता गर्नुभयो ।



कृपया, **बोलावटको प्रतिध्वनि सेवकाइका** सम्पूर्ण परमेश्वरका सेवकहरू र सम्पूर्ण सेवकाइहरूका निम्ति प्रार्थना गरिदिनुहोला । परमेश्वरको अनुग्रह तपाईं सबैसँग रहोस् । आमेन ।

खीष्ट येशूमा तपाईंका सेवकहरू,

*पा. एलेक्स सामसन साम*
*पा. एस. साम सेल्भाराज*

(+91) 98412 71858 / 98410 71858,
E.mail : sam@echoofhiscall.org

## विनम्र अनुरोधः बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगू, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन् । सन्देशहरू हेरेर तपाईंले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ ।

साथै, तपाईंको मोवाइल फोनहरूमा मेरो मोवाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस् ।

**पा. एस. साम सेल्भाराज**

*पृष्ठ १ बाट*

जब म सवारी चलाउँछु, म सधैं दिशा पत्ता लगाउने कुरामा भर पर्छु । सबैभन्दा पहिले, म नबिराइकन आफ्ना लक्ष्यमा पुग्ने निश्चित गर्छु र दोस्रो र सबैभन्दा महत्वपूर्ण अगाडि सडकको अवस्था बुझ्न खोज्छु । म पहाडी क्षेत्रमा बस्छु र त्यसको अर्थ मैले धेरै उकालो र ओरालोको सामना गर्छु । गुगल नक्साजस्ता एप्लिकेसनहरूले सडक अगाडि भएका दृश्यहरू प्रदान गरेर मलाई सुरक्षित रूपमा सवारी चलाउन सहायता गर्छ । उदाहरणको लागि, म घुमाउरो बाटो आशा गर्न सक्छु र ओभरटेक गर्दिनँ, सीधा बाटोमा ओभरटेक गर्न तयारी गर्छु, नदेखिने स्थानमा धीमा गर्छु र थाहा नभएको सडकमा अझ सावधानीपूर्वक सवारी चलाउँछु । जीपीएसको साथमा म सडकका अनिश्चयताको निम्ति अझ राम्ररी तयार हुन्छु । जीपीएसको साथमा जीवन आएको होस् भनेर म प्रायः चाहन्छु ! सुरुवातदेखि अन्त्यसम्म हेर्न यो सहयोगी हुन सक्छ ।

व्यक्तिगत रूपमा म तपाईंलाई चिन्दिनँ, तर कुनै कुरा सुरुवातदेखि अन्त्यसम्म थाहा गर्न म चाहन्छु । म कहाँ गइरहेको छु भनेर थाहै नपाई जानुले मलाई काम गर्न कठिन बनाउँछ । म सबैभन्दा पहिले परिणामको बारेमा सोच्छु र त्यसपछि पुनः कामतिर फर्कन्छु । तापनि, जीवन त्यो तरिकामा संचालित हुँदैन । जब हामीले कम अपेक्षा गरेका हुन्छौं, तब यसले हामीमाथि अनपेक्षित

**Statement about ownership and other particulars about the Newspaper Echo of His Call (Nepali) - Form IV**
**(See Rule 8)**

| | | |
|---|---|---|
| 1. Place of Publication | : | **New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai - 600 005.** |
| 2. Periodicity | : | **Monthly** |
| 3. Printer, Editor, Owner & Publisher | : | **S. Sam Selva Raj** (Same Address) |
| 4. Nationality | : | **Indian** |

I, **S. Sam Selva Raj** hereby declare that the particulars given above are true to the best of my knowledge and belief.

**March 2024** **S. Sam Selva Raj.**

चुनौतीहरू फाल्दछ । अचानक प्रिय जनलाई गुमाउनु, जागिर परिवर्तन, आर्थिक कठिनाइहरू वा सम्बन्धमा अनपेक्षित समस्याहरू केही उदाहरणहरू हुन्, जुन कसैले पनि कहिल्यै कल्पना गरेका हुँदैनन् ।

यस्ता अनिश्चयतासँग हामीले कसरी सामना गर्छौं ? २७ वर्षदेखि विवाहित, ३ जना सुन्दर सन्तान भएका र बुझकी र वास्ता गर्ने जोडी भनेर चिनिने जोडीलाई म सम्झन्छु । अचानक, मैले सुनें, उहाँहरू अलग हुन लाग्नुभएका छ, जुन अचम्मलाग्दो थियो । जब मैले उहाँकी पत्नीलाई यसको बारेमा सोधें, उहाँले भन्नुभयो, "मैले कम आशा गरेको समयमा यसले मलाई हानेको छ । मेरो जीवनमा यस्तो हुन्छ भनेर मैले कहिल्यै पनि सोचेकी थिइनँ ।"

यो कठोर र पीडादायी छ तापनि सत्यता सधैं एउटै रहन्छ । यी सारा अवस्थाहरूमा एउटा कुराचाहिँ निश्चित छः परमेश्वर विश्वासयोग्य हुनुहुन्छ ! भय, पीडा, संकष्ट, असफलता, हार, आनन्द र खुसीको बीचमा परमेश्वर विश्वासयोग्य हुनुहुन्छ ।

भजनसंग्रह ७७:१४ मा बाइबलले भन्दछ, **तपाईं आश्चर्य कामहरू गर्ने परमेश्वर हुनुहुन्छ, तपाईं आफ्नो सामर्थ्य मानिसहरूका बीचमा प्रकट गर्नुहुन्छ ।** यसको अर्थ हरेक अवस्थामा ।

व्यक्तिहरू र मण्डलीको रूपमा, यी अनिश्चित समयहरूमा हाम्रो मण्डली र हाम्रो परिवारहरूमा परमप्रभुले के गर्न लाग्नुभएको छ भनेर हामीले जान्न चाहन्छौं ।

यी सबैभन्दा माथि, ठूलो प्रश्न छ, "यी अवस्थाहरूमा परमेश्वर कहाँ हुनुहुन्छ ?" यो अत्यन्तै साझा र डरलाग्दो प्रश्न हो ।

बाइबलले सिकाउँछ कि जब मानिसहरू अड्किन्छन्, कहाँ जाने, कसरी जाने भनेर थाहा हुँदैन र आफ्नो भविष्यको अर्को धारमा निश्चित हुँदैनन्, उहाँ अचम्मको काम गर्नुहुन्छ। अनिश्चित समय ! मलाई थाहा छैन, हामीमध्ये कति जना अनिश्चित समयबाट भएर गुज्रिरहेका छौं । के मेरो जीवन परिवर्तन हुनेछ ? जब तपाईंले चुनौतीको समय अनुभव गरिरहनुभएको हुन्छ, परमेश्वर अझै पनि सिंहासनमा हुनुहुन्छ। उहाँले अझै पनि शासन गरिरहनुभएको छ । उहाँले जीवनमा निश्चित अवस्थाहरूलाई अनुमति दिनुहुन्छ ताकि हामीले उहाँतिर हेर्न सकौं र यी अवस्थाहरूबाट उहाँ उचालिनुहुनेछ ।

इस्राएलीहरूको जीवनभन्दा अर्को उदाहरण छैन । तिनीहरूले दासत्वको बन्धनबाट छुटकाराको निम्ति ४०० वर्षदेखि प्रार्थना गरिरहेका थिए । अन्त्यमा, परमप्रभुले आश्चर्य कर्म गर्नुभयो र मिश्रीहरूका बीचमा उहाँको सामर्थ्य घोषणा गर्नुभयो । महामारी, मृत्यु, लाल समुद्र दुई भाग भएको, सोही समुद्रमा मिश्री सैनिकहरू डुबेका कुराहरूले तिनीहरूलाई अर्को किनारामा सुरक्षित अगुवाइ गरेको थियो । सम्पूर्ण दश महामारी मिश्रीहरूमाथि परमेश्वरको सामर्थ्यको घोषणा थियो । परमेश्वरले तिनीहरूलाई त्यसरी नै निकाल्न सक्नुहुन्थ्यो । परमेश्वर यहोवा हुनुहुन्छ भनेर मिश्रीहरूले मात्रै थाहा पाएको होइन तर परमेश्वरका मानिसहरूले पनि थाहा पाएको उहाँले चाहनुहुन्थ्यो ! उहाँ कस्तो प्रकारको परमेश्वर हुनुहुन्थ्यो ! उहाँ कस्तो शक्तिशाली हुनुहुन्छ ! परीक्षाको समयमा खडा हुन । त्यसैले हामीले अहिले सन् २०२४ मा पनि यसको बारेमा कुराकानी गरिरहेका छौं !

## अनिश्चित समयसँग हामीले कसरी सामना गर्छौं ?

अनिश्चित समयम, हामीले यस्ता प्रकारका भावनाहरू महसुस गर्छौंः अन्योलता, शंका, प्रश्नहरू, भय, चिन्ता, वर्तमान अवस्थाको निम्ति अरूमाथि दोष, रिस, तनाव, झर्को, तीतोपना, निरासा, निरुत्साहित, दुःखी, एक्लोपना र फिक्री, जुन अन्त्यहीन तरिकामा जान्छ ! त्यसैले, के हामीले "बन्द गर्ने" वा "कन्ट्रोल अल्ट डिलिट" थिच्ने र केही पनि हुन लागेको छैन र त्यसै गरी जाने भनेर बहाना गर्ने ?

ती समयमा हामीले पनि के गर्नुपर्छ ?

## १. परमेश्वरको प्रतिज्ञामा रहने ! किनकि उहाँलाई हाम्रो भविष्य थाहा छ !!

तपाईंको थाहा नभएको भविष्य थाहा भएको परमेश्वरको हातमा दिनुहोस् ।

अर्को शब्दमा परमेश्वरमा टाँसिनुहोस् । कुनै पनि कुराको योजना गर्नु वा सुरुवात गर्नुअघि प्रार्थना गर्नु, कुनै पनि मानवीय स्रोतभन्दा अधिक परमप्रभुबाट निर्देशनको खोजी गर्नु महत्वपूर्ण हुन्छ । कुनै पनि नयाँ कुरा सुरु गर्नुभन्दा अघि परमेश्वरको वचनबाट निश्चियताको खोजी गर्नुहोस् ।

अनिश्चयको समयमा परमेश्वरका मानिसहरूसँग फर्कन, दावी गर्न र आशा गर्न

....*Contd. to page 6*

NEHEMIAH BIBLE
RESIDENTIAL / EVENING COLLEGE,
Velachery / Chepauk & Santhoshapuram, Chennai.
Medium : Hindi / Tamil
*Registered Candidate for Membership*
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 54 years
Qualification :
10th Standard & above
Certificate in Ministry
Diploma in Theology
Rush for admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
✶ ONLINE CLASSES ARE AVAILABLE ✶

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From March 19 To April 18, 2024

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

मार्च १९: हाम्रो **बाइबलकोर** र **ईश्वरशास्त्रीय कोर्सहरूमा** आशिष्को निम्ति ।

मार्च २०: २६ जनवरीमा हाम्रो **नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरू र मुख्य मण्डलीका जवानहरूका निम्ति महाबलीपूरममा भएको हाम्रो एकदिने रिट्रिटमा उहाँको आशिष्को निम्ति ।

मार्च २१: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई सबै प्रकारका दुष्ट शक्तिहरूबाट सुरक्षा दिनुभएको निम्ति ।

मार्च २२: सन् १९६९ देखि पत्रिका सेवकाइमा हाम्रो समर्पणतामा उहाँको आशिष्को निम्ति ।

मार्च २३: बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार फैलाउने हाम्रो सिनियर पास्टरको समर्पणताको निम्ति ।

मार्च २४: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति ।

मार्च २५: हाम्रो मण्डलीमा अभिषेकको साथमा नयाँ विश्वासीहरूमाथि आशिष् दिनुभएको निम्ति ।

मार्च २६: हाम्रो **नहेम्याह बाइबल कलेजहरूमा** आशिष्को निम्ति ।

मार्च २७: हाम्रा समस्त सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूमाथि आशिष्को निम्ति ।

मार्च २८: हाम्रो **ग्लोबल भिजन फर युथ एण्ड किड केयर** सेवकाइमा आशिष्को निम्ति ।

मार्च २९: अझ धेरै समर्पित ख्रीष्टियान शिक्षकहरू र प्रधानाध्यापक हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** दिएर आशिष् दिनुभएको निम्ति ।

मार्च ३०: मिसनका कर्मचारीहरूकाका महान् समर्पणताको निम्ति ।

मार्च ३१: हाम्रा प्रान्तीय संयोजकहरू र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति ।

अप्रिल १: विगतको महिनामा हाम्रो आवश्यकता पूरा गर्नुभएको निम्ति ।

अप्रिल २: राजनैतिक र धार्मिक विरोधको बीचमा हाम्रा ख्रीष्टियान सेवकाइहरू फैलिरहेको निम्ति ।

अप्रिल ३: कोलाहल र लडाइँको भयको बीचमा सबै देशहरूको ईश्वरीय सुरक्षाको निम्ति ।

## कृपया प्रार्थना गरौं...

अप्रिल ४: पृथ्वीमा परमेश्वरको राज्य निर्माण गर्न उहाँले हामीलाई अझ धेरै दर्शनहरू दिनुभएको होस् ।

अप्रिल ५: भाइरल ज्वरो र नयाँ संक्रामक रोगहरूका विरुद्धमा सुरक्षाको निम्ति ।

अप्रिल ६: सम्पूर्ण सम्भव भएका तरिकाहरू र मार्गहरूमा हाम्रा सेवकाइहरूको विस्तारको निम्ति ।

अप्रिल ७: संसारका राष्ट्रपतिहरू, प्रधानमन्त्रीहरू र सम्पूर्ण सरकारी अधिकारीहरूका निम्ति ।

अप्रिल ८: प्रार्थना र आर्थिक सहायताबाट हाम्रा सेवकाइहरूलाई उचाल्ने हाम्रा सहयोगीहरू, शुभचिन्तकहरू र मित्रहरूका निम्ति ।

अप्रिल ९: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति ।

अप्रिल १०: संसारका युवाहरू र बालबालिकाहरूले येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गरून् ।

अप्रिल ११: सारा देशहरूका बीचमा एकता र सबै पक्षहरू र योजनामा प्रगतिको निम्ति ।

अप्रिल १२: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूमाथि परमेश्वरको कृपाको निम्ति ।

अप्रिल १३: केओएच्ए सफ्टवेयरमा नहेम्याह बाइबल कलेजको पुस्तकालयका पुस्तकहरू अद्यावधिक गर्नको निम्ति ।

अप्रिल १४: संसारका सम्पूर्ण मानिसहरूका आवश्यकताको निम्ति ।

अप्रिल १५: हाम्रो सेवकाइका आर्थिक खाँचाहरू पूरा भएका होऊन् ।

अप्रिल १६: संसारमा छाइरहेको आर्थिकमन्दीको अन्त्य भएको होस् ।

अप्रिल १७: मानिसहरूमाथि फेरि एक पटक परमेश्वरको अनुग्रह वर्षिएको होस् ।

अप्रिल १८: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूलाई सम्पूर्ण प्रकारका दुष्ट शक्तिबाट सुरक्षाको निम्ति ।

*पृष्ठ ४ बाट*

परमेश्वरको प्रतिज्ञा छ । आज तपाईंको आशा कहाँ छ ? आज हाम्रो आशा को हुनुहुन्छ ? के यो हाम्रो तलबमा, जागिरको सुरक्षामा रहेको छ ? भोलि हामीले आफ्नो जागिर गुमायौं भने के हामीले अझै पनि घोषणा गर्न सक्छौं, "मलाई केही कुराको अभाव छैन, मेरो सारा खाँचो मेरो परमेश्वरले जुटाउनुहुनेछ, परमेश्वरको भलाइले मलाई सन्तुष्ट गर्नेछ ?"

अनिश्चित समयमा विश्वासयोग्य परमेश्वरको उपस्थितिको खोजी गर्नुहोस् र उहाँसँग माग्नुहोस् किनकि उहाँलाई हाम्रो भविष्य, हाम्रो भोलि र हाम्रो हिजोका कुराहरू थाहा छ । उहाँ र उहाँको वचनमा रहनुहोस् ।

प्रस्थान ४:२ मा, परमेश्वरले मोशालाई सोध्नुभएको हामीले देख्छौं, **"...तेरो हातमा के छ ?" तिनले भने, "लहुरो ।"** जब मोशाले परमेश्वरको हातमा आफ्नो पुरानो काठको लहुरो राख्ने छनोट गरे, आश्चर्यकर्म भएको थियो, त्यो "परमेश्वरको लहुरो" बन्यो । जब त्यो लौरो परमेश्वरको लहुरोमा रूपान्तरण भयो, त्यस लहुरोको शक्तिको गवाही बन्नुहोस् !

प्रस्थान १७:९ मा, ... **मोशाले यहोशूलाई भने, हाम्रा निम्ति मानिसहरू चुनेर अमालेकीहरूसित युद्ध गर्न जाऊ । भोलि परमप्रभुको लहुरो मेरा हातमा लिएर म डाँडाको टाकुरामा खडा हुनेछु ।** परमेश्वरको लहुरोको साथमा तिनीहरू लडाइँमा संलग्न हुन सके ।

मोशाको जीवनमा हेर्दा, हामीले अनिच्छुक सहभागी देख्छौं, जसले बहाना बनाए र मिश्रमा फर्कन अनिच्छुक थिए । अनिश्चित समयले आफ्नो परिवारको हीतको बारेमा, नेतृत्वमा आफ्नो टुटेको सम्बन्ध र राजकुमारको रूपमा आफूले प्राप्त गरेका सीपहरू, फारोलाई सम्बोधन गर्न आफ्नो अभिव्यक्तिको कमी र आफ्नै मानिसले आदर नगरेको स्थानमा फर्कने भयको बारेमा प्रश्नहरू खडा गर्दछ ।

आफ्नो शंका र भय भए पनि जब मोशाले आफ्नो हातमा भएको कुरालाई समर्पित गरे, त्यो अलौकिक कुरा बन्यो, जसबाट परमेश्वरले अचम्मको काम र आफ्नो सामर्थ्य प्रदर्शन गर्नुभयो ।

आज तपाईंको हातमा भएको कुनै पनि कुरा परमेश्वरको हातमा समर्पित गर्न के तपाईं चाहनुहुन्छ ताकि उहाँले त्यो अचम्मको काम गर्न प्रयोग गर्न सक्नुभएको होस् ? तपाईंका भय, चिन्ता, प्रश्नहरू, अन्योलता, शंका, फिक्री, वर्तमान अवस्थाको निम्ति अरूलाई दोष दिने, रिस, तनाव र अन्य यस्ता नकारात्मक भावनाहरू उहाँलाई दिनुहोस् ।

त्यसलाई परमेश्वरको लहुरो बन्न दिनुहोस् !

## २. परमेश्वरको भय मान्ने मानिसहरूको संगतमा रहनुहोस् ताकि तिनीहरू तपाईंसँग हिंड्न सकून् !

हामीलाई किन मण्डली र मण्डली परिवार चाहिन्छ भन्ने कारणहरूमध्ये एउटा यो हो । जब तपाईं आफ्नो जीवनमा अनिश्चित अवस्थाबाट भएर गुज्रनुहुन्छ, तपाईंसँगै हिंड्न, तपाईंलाई बलियो पार्न, तपाईंसँगै प्रार्थना गर्न र तपाईंको एक्लो हिँडाइमा तपाईंलाई उचाल्न परमेश्वरको भय मान्ने मानिसहरूसँग रहनुहोस् । हामीले मानिसहरूसँग सम्बन्धहरू विकास गर्नु जरुरी हुन्छ, जो हामीसँग हिंड्न र प्रार्थना गर्न सक्छन् र हामीलाई आत्मिक परामर्श प्रदान गर्न सक्छन् ।

आज, नियमित रूपमा तपाईंसँग प्रार्थना गर्न सक्ने कोहीलाई छान्नुहोस् ! आफ्नो आत्मिक विशेषज्ञताले तपाईंलाई आशिष् दिन सक्ने कोही व्यक्तिलाई छान्नुहोस् वा तपाईंको आफ्नो अनुभव र विशेषज्ञताले आत्मिक आशिष्ले भर्न सक्ने कोही मानिसलाई छान्नुहोस् । तपाईंले यी दुवै गर्न सक्नुहुन्छ भने त्यो अझ राम्रो हो ।

दानिएको जीवनमा भएको अवस्था पनि हुन सक्छ- किशोरको रूपमा अनिश्चयता, आफ्नो परिवार, मित्रहरू, जन्मस्थान, आफन्तहरू र स्वतन्त्रता छाड्ने, अनजान स्थानमा बन्धनमा परेको सेवकको रूपमा जाने (चाहना नभएको सहभागीहरू) ।

पहिलो अध्यायमा तिनले परमेश्वरको निगाह पाए- सबै कुरा राम्रो भइरहेको थियो र अचानक दोस्रो अध्यायमा, दानिएलले गम्भीर समस्या सामना गरे ।

**राजाले सपना देखे र उनको मनमा छटपटी भयो र उनी सुत्न सकेनन्** (दानिएल २) ।

पद १२: **राजा रिसले यति चूर भए कि उनले बेबिलोनका सबै ज्ञानी पुरुषहरूलाई मृत्युदण्ड दिने हुकुम गरे, जसले दानिएल र तिनका साथीहरूलाई मार्न खोजे ।** हरेक थोक राम्रो गइरहेको थियो, अचानक तिनले आफ्नो जागिर, ख्याति, जिम्मेवारी र हरेक थोकको पहिचान गुमाउन लागेका थिए । तिनले मेहेनेतसाथ काम गरेका हरेक थोकहरू व्यर्थ हुन लागेका थिए ।

तिनले के गरे ? दानिएल अनिश्चयताको डरलाग्दो समयमा थिए । तिनले के गरे ? पद १७ र १८ मा **तिनले यो कुरा आफ्ना मित्रहरूसँग बाँडे र तिनीहरूले प्रार्थना गरे । तुरुन्तै, तिनले आफैंलाई उस्तै विश्वास भएका मानिसहरूले घेरे, जो तिनीसँग हिंड्न सक्थे र तिनी गइरहेको मार्ग बुझ्न सक्थे ।** तिनीहरूले प्रार्थना गरे र के भएको थियो भनेर हामीलाई थाहा छ । परमेश्वरले आफ्नो भविष्यको योजना तिनीहरूलाई प्रकट गर्नुभयो ।

*बाँकी पृष्ठ ९ मा*

## नहेम्याह बाइबल कलेज

### दीक्षान्त समारोह, २०२३-२०२४



**स्थानः** BKN Hall, Vepery, Chennai – 07.

**मितिः** **१ जून २०२४ (शनिवार)**



**समयः** **साँझ ५ बजे**

करिब ५० जना विद्यार्थीहरूले आफ्नो अध्ययन पूरा गर्नेछन् र मिसनको क्षेत्रमा पठाइनेछ ।

हामीलाई २०२४-२०२५ शैक्षिक सत्रको निम्ति तामिल र हिन्दी कोर्सको निम्ति ७५ जना विद्यार्थीहरूको आवश्यकता छ । कृपया यसको निम्ति प्रार्थना गरिदिनुहोला ।

# PLEASE PRAY FOR OUR MINISTRIES AT THE HEAD QUARTERS

1. Prayer Service : 24 hours
2. **BIBLECOR -** Bible Correspondence Courses : English, Tamil & Hindi
3. **ECHO OF HIS CALL** - Monthly Magazines : English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
4. Nehemiah Bible Colleges (Three Centres) (Evening / Residential)
5. Theological Correspondence Courses: English & Tamil
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools : 8.30 a.m. & 4.00 p.m. Sunday
13. **Tamil Services : 8.00 a.m. & 10.00 a.m. Sunday**
14. **Hindi Service : 4.00 p.m. Sunday**
15. **Telugu Service : 5.00 p.m. Sunday**
16. **English & Tamil Service : 6.00 p.m. Sunday**
17. Women's Prayer : 5.30 p.m. Wednesday
18. Men's Prayer : 7.00 p.m. Friday
19. Discipleship Meeting : 6.00 p.m. Saturday
20. House Meetings : 6.30 p.m. Tuesday & Thursday
21. Special Holy Communion : 6.00 a.m. 1st day of each month
22. Ministers Review Meeting : 5.30 p.m. First Saturday
23. Parents' Prayer : 4.00 p.m. First Sunday
24. Night Prayer : 9.30 p.m. Second Friday
25. Fasting Prayer : 9:30 a.m. Third Saturday
26. Holy Communion : Second Sunday Services
27. Youth / Kid Prayer : 10.00 p.m. daily
28. Staff Devotion : 9.00 a.m. daily
29. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहृखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

### “जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।

**तैले कुल्चिने जमीन म तँलाई दिनेछु !**

**... तेरो पैतालाले कुल्चिने सबै जमिन म तँलाई दिनेछु (यहोशू १:३)।**

## I WILL GIVE YOU THE LAND YOU TREAD ON!

त्यो १९७३ को वर्ष थियो ! त्यो ग्रीष्मको गर्मी मौसम थियो- अप्रिल/मई महिना ! तामबराम, चेन्नाइ, कोर्ले हाई स्कुलमा जवान युवा र युवतीहरूका निम्ति “तीनदिने रिट्रिट” को आयोजना गरिएको थियो । जवान मानिसहरूका निम्ति जागृति संगति “आशिषित युवा मिसन” का संस्थापक भाइ आर. स्टानलेले शक्तिशाली र चुनौतीपूर्ण सन्देशहरू प्रचार गरिरहनुभएको थियो । उहाँ आज पनि ख्रीष्टियान सेवकाइमा ठूलो अगुवा हुनुहुन्छ ।

म पनि ती बैठकहरूमा सहभागी भएको थिएँ । त्यो बेलामा म २३ वर्षको थिएँ र मैले आफ्नो सरकारी पदको साथै परमेश्वरको काम पनि गरिरहेको थिएँ। मैले आफ्नो जीवनमा चुनौतीपूर्ण अनुभव प्राप्त गरें ।

“तीनदिने रिट्रिट” तेस्रो दिन खानापछि समापन भएको थियो । हरेक जना घर जान बस र रेलबाट हतार गरिरहेका थिए ।

तर पवित्र आत्माद्वारा भरिएको हुनाले मैले त्यो स्थान छोड्न सकिनँ, करिब एक घण्टासम्म म कोर्ले हाई स्कुलको ढोकामा उभिइरहें । परमेश्वरको दास भाइ आर. स्टानलेले बोल्नुभएका हरेक शब्द मेरो आत्मिक आँखाअघि आइरहेको थियो ।

पवित्र आत्मा मसँग मधुरो र सानो आवाजमा बोल्नुभयो । सोही कारणले गर्दा म उभिइरहेको स्थानबाट जान सकिनँ । तर त्यसको विपरीत, त्यो तातो दिनमा चेन्नाइमा भएको तामबाराम-भेलाचारीको मुख्य सडकमा हिँड्न मलाई अगुवाइ भएको थियो । बैठकमा मसँगै भएका जवान युवा र युवतीहरूले मसँग बस वा रेलको टिकट किन्न पैसा नभएको हुनाले हिँडिरहेको थिएँ भनेर सोचे । तिनीहरूले आफ्ना सवारीसाधनको झ्यालबाट दुःखी हुँदै मलाई हेरे ।

तर मैले केही कुराको बारेमा पनि चिन्ता गरिनँ । म हिँडिरहेको थिएँ र सडकको हरेक छेउमा भएका घरमा बस्ने मानिसहरू र मैले आफ्नो बाटोमा देखेका मानिसहरूलाई सुसमाचारका पर्चा वितरण गरिरहें । त्यो दिन म १२ किलोमिटरभन्दा धेरै दुरी हिँडेको थिएँ । म भोको थिएा, म तिर्खाएको थिएँ, मेरो चप्पल पनि चुँडिएको थियो । पैदलयात्रीहरूले मलाई ठूलो दया र सद्भावले हेरेका थिए किनकि सानो केटोझैं म आफ्ना हातमा केही पुस्तकहरू र चुँडिएको चप्पल लिएर तातो घाममा सडकमा हिँडिरहेको थिएँ । जब म भेलाचेरी भन्ने स्थानमा पुगें, मसँग भएका सबै सुसमाचार पर्चाहरू सिद्धिएका थिए । त्यसबाहेक, त्यो समयमा मानिसहरूको चहलपहल घटिसकेको थियो ।

मैले महसुस गरें कि स्वर्ग खोलिएको थियो र अन्य धेरै आँखाहरूका साथमा दुई आँखाले पनि मलाई र मेरो कठिन परिस्थितिलाई स्वर्गबाट हेरिरहेका थिए । म शारीरिक रूपमा थकित थिएँ तर मेरो आत्मामा बलियो महसुस गरेको थिएँ । रातको समयमा म चेपकाऊ, चेन्नाइ मेरो घरमा पुगें ।

दिनहरू बिते । वर्षहरू पनि बिते । त्यो दिन म हिँडेका ती क्षेत्रहरूबाट परमप्रभुले मलाई केही आत्मिक मानिसहरू दिनुभयो । सोही मार्गमा हुनुभएका भाइ दूराइ र उहाँकी पत्नी बहिनी फेन्नेलाको परिवार र सम्पूर्ण एडभेन्ट मिसन चर्चका पास्टरहरूसँग गहन सम्बन्ध उहाँले दिनुभयो । सन् १९९७ मा परमप्रभुले मलाई सन्थोसापूरममा मण्डली र अंग्रेजी मिडियम हाई स्कुल (**सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल**) ले आशिष् दिनुभयो, जहाँबाट भएर म हिँडेको थिएँ। त्यो दिन भेलाचेरीमा जहाँ हिँडेर रोकिएको थिएँ, परमप्रभुले मलाई मण्डली स्थापना गर्न सक्षम बनाउनुभयो र हाम्रो पूर्णकालीन आवासीय हिन्दी **नहेम्याह बाइबल कलेज** पनि त्यहीं संचालन भइरहेको छ। परमप्रभुले परमेश्वरको जन भाइ एडविनको हृदयमा आफ्नो सम्पत्ति मेरो सेवकाइमा दान गर्न बोल्नुभयो ताकि मैले त्यो मण्डली र **नहेम्याह बाइबल कलेजको** निम्ति प्रयोग गर्न सकूँ।

यी दुई सेवकाइहरू हाल हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** दुई आँखाको रूपमा संचालनमा छन् ।

परमप्रभुले मलाई पवित्र आत्माको प्रेरणा पालन गर्न अगुवाइ गर्नुभयो र ती कठिन अनुभवहरूबाट भएर जाँदा सहायता गर्नुभयो । बाटो कठिन थियो तर अन्त्यचाहिँ ठूलो विजय थियो ।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, के परमप्रभु यसरी नै तपाईंसँग बोलिरहनुभएको तपाईंले सुन्नुभएको छ ? के तपाईंले तुरुन्तै पालन गर्नुभएको छ ? के तपाईंले परमेश्वरको निर्देशनअनुसार काम गर्नुभएको छ ? अथवा परमेश्वरले तपाईंलाई दिनुभएको सेवकाइ गर्नुको साटो

के तपाईं योनाजस्तै तपाईंलाई आनन्द, सन्तुष्टि र सुरक्षा दिने अन्य केही सेवकाइहरू गरिरहनुभएको छ ? आफ्नो सहजताअनुसार सेवकाइ गरिरहेका र यही नै परमेश्वरको इच्छा हो भनेर सोचिरहनुभएका धेरै मानिसहरूका बीचमा के तपाईं एउटा मानिस हुनुहुन्छ ?

परमप्रभुले यहोशूले टेकेका भूमि तिनलाई दिएर आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ भनेर तिनलाई प्रतिज्ञा दिनुभएको थियो (यहोशू १४:९) । उहाँले तपाईंको लागि पनि त्यही गर्नुहुनेछ । तपाईंलाई बोलावट दिनुहुने परमप्रभु विश्वासयोग्य हुनुहुन्छ !

उहाँका आज्ञा पालन गर्नुहोस् र उहाँको इच्छा पूरा गर्नुहोस् । उहाँ जीवित परमेश्वरलाई संसारमा ल्याउन अगाडि आउनुहोस् । निश्चय नै त्यहाँ विजय छ !

*******

*पृष्ठ ६ बाट*

हाम्रो परमेश्वर महान् हुनुहुन्छ । त्यसैले, आफैंलाई परमेश्वरको भय मान्ने मानिसहरूले घेर्नुहोस् ।

## ३. शान्त होओ र म परमेश्वर हुँ भनी जान (भजनसंग्रह ४६:१०)

अनिश्चयताको भावनाले तपाईंको दिमागमा भएको प्रिफ्रन्टल कोर्टेक्सलाई बन्द हुने, समस्याहरू समाधान गर्न सक्ने, ध्यान दिने र लचक रहने कुरालाई तपाईंको क्षमतालाई ह्रास गर्नेतिर लैजान सक्छ । यस कुराले दिक्कलाग्दो व्यवहारमा संलग्न हुने सम्भावनालाई बढाउँछ र तपाईं अझ धेरै चिन्तित, तनावग्रस्त र निरास बनाउँछ ।

त्यसकारण परमेश्वरको सत्यतामा तपाईंको हृदयलाई केन्द्रित गरेर अत्यन्तै आवश्यक कुरामा तपाईंको मन केन्द्रित गर्नु महत्वपूर्ण हुन्छ ।

शान्त रहनु एउटा अनुशासन हो, जसले निरन्तर, अर्थपूर्ण अभ्यास लिन्छ ।

शान्त रहने कार्यले हाम्रो इन्द्रियलाई बलियो बनाउँछ र हाम्रो वर्तमान अवस्थाहरू (अनजान) मा परमेश्वरको उपस्थितिको बारेमा हामीलाई अझ धेरै जानकार बनाउँछ ।

जब हामी अन्योलमा पर्छौं,स्वर्ग र पृथ्वीका सृष्टिकर्ताबाट हाम्रो सहायता आउने पर्वततिर हेर्नुपर्छ । उहाँले पृथ्वीलाई हल्लाउनुहुन्छ र समुद्रलाई थर्काउनुहुन्छ, उहाँले नै ढोका खोल्नुहुन्छ र बन्द गर्नुहुन्छ ।

परमप्रभुको उपस्थितिमा शान्त रहनुहोस्, जसको अर्थ परमप्रभुको उपस्थितिमा जानु र बस्नु र नबोल्नु हो । उहाँलाई केही कुरा नबताउनुहोस्, उहाँबाट तपाईंले नसुनेसम्म केवल पर्खनुहोस्, हाम्रो विश्वासलाई सुरु गर्नुहुने र अन्त्य गर्नुहुनेलाई । **परमेश्वरको लडाइँलाई तपाईंको बनाउने प्रयास नगर्नुहोस् ।**

जब तपाईं परमप्रभुको उपस्थितिमा जानुहुन्छः

१. तपाईंको सीमितपना स्वीकार गर्नुहोस्-- तपाईंको भावना बताउनुहोस्

२. तपाईंसँग जे छ, परमेश्वरलाई दिनुहोस्- लहुरो र त्यो परमेश्वरको लहुरो बनोस् वा सामना गर्न परमेश्वरकै समस्या बनोस् ।

३. परमेश्वरको प्रतिज्ञा स्वीकार गर्न सुरु गर्नुहोस् - तपाईंले त्यो स्वीकार गर्न चाहनुहुन्छ भने तपाईंले कण्ठ गर्नु जरुरी हुन्छ !

४. **परमप्रभु नै तिमीहरूका निम्ति लड्नुहुनेछ र तिमीहरू केवल स्थिर बस** (प्रस्थान १४:१४) ।

प्रिय मित्रहरू,

विश्वास गर्न योग्य मानिसहरू देखाइदिन कृपया परमेश्वरसँग माग्नुहोस्, जोसँग तपाईं हिँड्न सक्नुहुन्छ । परमेश्वरको उपस्थितिमा शान्त रहन तपाईंलाई सिकाउन र शान्तमा उहाँबाट सिक्न उहाँलाई भन्नुहोस् किनकि यशैया ३०:१५ ले भन्दछ, ... **मौनधारण र भरोसा तेरो शक्ति हो** । याद राख्नुहोस्, जे भए पनि र तपाईंको अवस्था जस्तोसुकै खराब देखिए पनि सर्वशक्तिमानमाथि भरोसा राख्नुहोस् । उहाँले सबै बाँड्गा मार्गहरू सोझा बनाउनुहुनेछ किनभने **उहाँ आश्चर्य कामका परमेश्वर हुनुहुन्छ** (भजनसंग्रह ७७:१४) ।

*******


## URGENT

We require approximately 1000 Hindi Christian books for **our Nehemiah Bible Colleges**. Kindly inform us about the possibility of obtaining theological Hindi books.

**Please stop sending books in English and Tamil languages.** Thank you.

- Pr. S. Sam Selva Raj, Editor
+91-98412 71858

## URGENT NEED

VICE PRINCIPAL & TEACHERS
for
ST. PAUL'S MATRICULATION SCHOOL,
An *Echo of His Call* Institution
Vijayanagaram, Medavakkam, Chennai - 100.

We need well qualified, experienced, dedicated, hard working and mission oriented Christians.

Apply with Bio-data to
E.mail: sam@echoofhiscall.org
WhatsApp: (+91) 98412 71858

## WANTED for

NEHEMIAH BIBLE COLLEGE
of ECHO OF HIS CALL, Chennai
ATA - Registered Candidate for Membership

**DEAN (Residential):**
Hindi Theologian with M.Div. / M.Th. Degree & experience. Boarding, Lodging and Salary will be paid.

Eligible candidates may send bio--data to:

E.mail: sam@echoofhiscall.org
WhatsApp: (+91) 98412 71858

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th MARCH 2024**

**If un-delivered please return to:**

**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**